**संघीय संसद**

प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

## भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी

(१) माननीय सदस्यहरु, प्रतिनिधि सभाको चौथो अधिवेशन २०८१ साल वैशाख २८ गते मंगलबार प्रारम्भ भई आज २०८१ साल भदौ ३१ गते सोमबारसम्म जम्मा १३० दिन चालु रहयो । जसमध्ये ५३ दिनहरुमा ५६ पटक बैठक बसी जम्मा २०६ घण्टा २५ मिनेट संसदीय काम कारवाहीमा व्यतित भयो । साथै यस अवधिमा संघीय संसदको दुवै सदनको संयुक्त बैठक जम्मा दुईपटक बैठक बसी ३ घण्टा ५५ मिनेट समय व्यतित भयो ।

(२) सम्माननीय राष्ट्रपतिबाट आ.व. २०८१/०८२ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मिति २०८१ जेठ १ गते बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनप्रति मिति २०८१ जेठ ८ गते बसेको प्रतिनिधि सभाको बैठकले धन्यवादको प्रस्ताव पारित गरेको थियो । साथै सम्माननीय राष्ट्रपतिको सम्बोधन मार्फत् प्रस्तुत भएको आ.व. २०८१/०८२ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभाको मिति २०८१ जेठ १३ गतेको बैठकमा छलफल पश्चात् बहुमतबाट पारित भयो ।

(३) सभाको मिति २०८१ जेठ ८ गतेको बैठकमा पेश भएको "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" मिति २०८१ जेठ १३ गतेको बैठकबाट स्वीकृत भयो ।

(४) मिति २०८१ जेठ ७ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो भने मिति २०८१ असार २८ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अस्वीकृत भएको थियो ।

त्यसैगरी मिति २०८१ साउन ६ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट स्वीकृत भएको थियो ।

(५) २०८१ जेठ १५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश भएको आ.व. २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभाको जेठ २१, २२ र २३ गतेको बैठकमा छलफल पश्चात् जेठ २३ गते माननीय अर्थमन्त्रीबाट जवाफ दिने कार्य समेत सम्पन्न भएको थियो ।

(६) सभाको २०८१ जेठ २३ गतेको बैठकमा प्रस्तुत भएको "विनियोजन विधेयक, २०८१" माथि जेठ २९, ३०, ३१, ३२, असार २, ४ र ५ गतेका बैठकहरुमा दफावार छलफल भई असार ६, ९, १० र ११ गते सम्बन्धित माननीय मन्त्रीहरुबाट जवाफ दिने कार्य सम्पन्न भएपछि उक्त विधेयक २०८१ असार ११ गते बहुमतबाट पारित भएको थियो । साथै "आ.व. २०८०/०८१ को आर्थिक सर्वेक्षण" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१" सभा समक्ष प्रस्तुत भएका थिए ।

(७) प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिम मिति २०८१ असार ६, साउन ७ र भदौ ६ गतेका बैठकहरुमा सम्पन्न भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रममा माननीय सदस्यहरुले राख्नुभएको प्रश्नहरुको सम्माननीय प्रधानमन्त्रीले जवाफ दिनुभएको थियो ।

(८) सभाको यस अधिवेशनमा प्रतिनिधि सभामा ८ वटा सरकारी र एउटा गैर सरकारी विधेयक दर्ता भएको थियो जसमध्ये ५ वटा विधेयक संघीय संसदको दुवै सदनबाट पारित भएका छन् भने ३ वटा विधेयक समितिमा विचाराधीन रहेका छन् र "मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक, २०८१" सम्बन्धी गैर सरकारी विधेयक दर्ता भएको छ । साथै सभाको पहिलो, दोस्रो र तेस्रो अधिवेशन मार्फत् प्राप्त सरकारी र गैरसरकारी जम्मा १३ वटा विधेयकहरु मध्ये ७ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन रहेका छन्, "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक" संघीय संसदको दुवै सदनबाट पारित भएको छ भने "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक" र "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" सम्बन्धी समितिको प्रतिवेदन बैठकमा पेश भएको छ । त्यस्तै "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०" लाई सरकारले सभाको सहमतिमा फिर्ता लिएको छ, प्रतिस्थापन विधेयकको रुपमा दर्ता भएको "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८०" समयमै पारित नभएको कारण र "औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८०" सम्बन्धी गैर सरकारी विधेयकका प्रस्तुतकर्ता सदस्य मन्त्री भएको कारण स्वत: निष्कृय भएको छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा प्राप्त "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१" सम्बन्धित समितिमा विचाराधीन रहेको छ । साथै अघिल्ला अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त १० वटा विधेयकहरु मध्ये ४ वटा विधेयकहरु पारित गरी फिर्ता पठाइएको छ, "विधायन विधेयक" सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश भएको छ भने ४ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन अवस्थामा रहेका छन् भने राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक सभामा प्रस्तुत मात्र भएको छ ।

(९) प्रतिनिधि सभाको चालू अधिवेशनमा मा० सदस्यहरुबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ५० वटा मौखिक र एउटा लिखित प्रश्नहरु मध्ये ३३ वटा मौखिक प्रश्नहरुको उत्तर प्राप्त भएकोमा सभाको विभिन्न मितिको बैठकमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ऊर्जा,

जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी जम्मा २० वटा मौखिक प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो भने उत्तर प्राप्त १३ वटा प्रश्नहरुको उत्तर बैठकमा टेबुल भइसकेको छ ।

(१०) सभाको २०८१ जेठ १५ गतेको बैठकबाट तीन महिनाको कार्यावधि दिई गठन भएको सात सदस्यीय "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति" को कार्यावधि थप १५ दिनको लागि थप गर्ने प्रस्ताव मिति २०८१ भदौ १८ गतेको बैठकमा स्वीकृत भएको थियो । साथै उक्त विशेष समितिले मिति २०८१ भदौ ३१ गते सभा समक्ष प्रतिवेदन समेत पेश गरिसकेको छ ।

(११) सभाको साउन १५ गतेको बैठकमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन समितिमा प्रतिनिधि सभातर्फका माननीय सदस्यहरुको नाम मनोनयन भएको थियो ।

(१२) मिति २०८१ जेठ २४ गतेको बैठकमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ.एस.ए.)को स्थापनासँग सम्बन्धित सम्झौता (Framework Agreement on the establishment of the International Solar Alliance - ISA) माथि सभामा छलफल भई बहुमतबाट अनुमोदन भएको थियो । साथै "मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन" सम्बन्धी सम्झौता सभामा प्रस्तुत भएको छ ।

(१३) यस अधिवेशनमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि सम्वत् २०८२ साल असार मसान्तसम्म थप गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०३/२७ गतेको निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सभा समक्ष पेश भयो ।

(१४) मिति २०८१ साउन ८ गतेको बैठकमा माननीय प्रतिमा गौतमले पेश गर्नुभएको "डेंगीको प्रभावकारी नियन्त्रण एवं भविष्यमा सिर्जना हुने गम्भीर र दीर्घकालीन असर न्यूनीकरण तथा रोकथामको लागि सरकारलाई निर्देशन दिन अपरिहार्य भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल पश्चात् माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीले जवाफ दिनुभएको थियो । मिति २०८१ साउन १४ गतेको बैठकमा मा० डा० तोसिमा कार्कीले पेश गर्नु भएको "विपद् व्यवस्थापनमा पुनरावलोकन, बृहत गुरुयोजना निर्माण तथा स्वास्थ्य सङ्कट पूर्व तयारी सम्बन्धमा छलफल गर्न आवश्यक भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल पश्चात् माननीय गृह मन्त्रीले जवाफ दिनु भएको थियो । त्यसैगरि मिति २०८१ भदौ १३ गतेको बैठकमा माननीय सोबिता गौतमले पेश गर्नुभएको "हवाई क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संगठनहरुले नेपालका हवाई उड्डयन क्षेत्रलाई असुरक्षित भनिरहेको, हवाई दुर्घटनाहरुले एयरलाइन्स र हवाई यातायात उद्योगको छवि र विश्वासमा समेत असर परेको हुँदा तत्काल सुधार गरी विश्वसनियता बढाउन आवश्यक भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल पश्चात् माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले जवाफ दिनुभएको थियो ।

त्यसैगरी मिति २०८१ भदौ १२ गतेको बैठकमा माननीय डा० तोसिमा कार्कीले "हैजा महामारीका कारण निम्तिन सक्ने स्वास्थ्य संकटकालको पूर्वानुमान, नियन्त्रण र द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाउनु पर्ने" भन्ने सम्बन्धी सार्वजनिक महत्वको विषयमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको ध्यानाकर्षण गराउनु भएको थियो ।

(१५) यसै अधिवेशनमा "पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन, २०८०", "शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०८१" र "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०८१" तथा सभाको विभिन्न बैठकहरुमा "नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७९/०८०", "लोक सेवा आयोगको चौसट्ठीऔं वार्षिक प्रतिवेदन (२०७९ श्रावण-२०८० आषाढ)", "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०", "राष्ट्रिय समावेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०", "थारु आयोगको पाँचौं वार्षिक प्रतिवेदन (२०७९ श्रावण-२०८० आषाढ)", "आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७९-२०८०)", "राष्ट्रिय मानव अधिकार आयोगको २३औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०" र "राष्ट्रिय सूचना आयोगको २३औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०" पेश भए ।

(१६) चौथो अधिवेशनको यस अवधिमा पूर्व सदस्यहरु सूर्यमान गुरुङ, शैयद मेहराज अहमद र खगेन्द्रराज रेग्मी, रामचन्द्र राय यादव र श्रवणकुमार अग्रवालको निधनमा सभाबाट शोक प्रस्ताव पारित भए । साथै मिति २०८१ साउन १३ गतेको बैठकले सौर्य एयरलाइन्सको विमान त्रिभुवन विमानस्थल नजिक दुर्घटना भई १८ जनाको दुःखद निधन भएकोमा विशेष प्रस्ताव पारित गरेको थियो ।

(१७) यस अवधिमा सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले प्रतिनिधि सभाबाट पारित हुने क्रममा रहेको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" को विषय लगायत समसामयिक विषयमा र आसन्न संयुक्त राष्ट्रसंघको भ्रमणको विषयमा एवम् माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको हवाई दुर्घटनाका सम्बन्धमा" र तत्कालिन माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेले "चितवनको सिमलतालमा भएको दुर्घटना सम्बन्धमा" सभामा जानकारी गराउनु भएको थियो ।

साथै माननीय गृहमन्त्री रमेश लेखक, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिसोर साह सुडी, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई र तत्कालिन माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री रबि लामिछानेले सभाको आकस्मिक, शून्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा जवाफ दिनुभएको थियो ।